नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
सानोठिमी, भक्तपुर

# सूचना

अन्धा, अपाङ्ग, बहिरा, तथा सुस्त मनस्थिति भएका व्यक्तिहरुलाई नेपाल अधिराज्य भरिका सम्पूर्ण सार्वजनिक विद्यालयमा निःशुल्क भर्ना गरी गराई भर्ना भएपछि निजहरुबाट कुनै किसिमको सेवा शुल्क नलिनु/लिन नलगाउनु भन्ने सम्मानित सर्वोच्च अदालतको २०६०/७/२८को निर्देशनात्मक आदेशका विषयमा प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयको कानून तथा फैसला कार्यान्वयन महाशाखाको पत्र संख्या ८१-२०७५/७६, च.नं. २७६३, मिति २०७५/६/१४ को फैसला कार्यान्वयन सम्बन्धी प्राप्त पत्रका सम्बन्धमा राष्ट्रिय परीक्षा बोर्ड अन्तरगतका विद्यालय/क्याम्पसहरुमा नियमानुसार भर्ना हुन योग्यता पुगेका अन्धा, अपाङ्ग, बहिरा, तथा सुस्त मनस्थिति भएका व्यक्तिहरुले आफु अपाङ्ग भएको नियमानुसार आधिकारीक प्रमाण पेश गरेमा रजिष्ट्रेशन शुल्क, परीक्षा आवेदन शुल्क, शैक्षिक योग्यताका प्रमाणपत्र वापतको शुल्कहरु निःशुल्क गर्ने र सो वापत लाग्ने रकम नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग माग गर्ने भनि २०७५/८/१२ को बोर्ड बैठकबाट निर्णय भएको हुँदा सोही अनुसार गर्नु गराउनुहुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।